नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ राजबिराज दैनिक स.नि.हु.का.द.नं. ५/०६४/०६५
वर्ष ३२ अंक ४२ २०७९ साल भदौं २१ गते मंगलबार (6 Sep 2022 Tuesday) मूल्य रु. ५/-




Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : खस्कियो कक्षा १२ को... ३ पृष्ठमा : पाकिस्तान बाढीः तेह्र सय ...४ पृष्ठमा : बृहत्तर जनकपुर क्षेत्र विकास...

# सप्तरी क्षेत्र नं. ३ बाट लोसपा वरिष्ठ नेता महतोसहित चार जनाको नाम सिफारिस

**दैनिक समाचारदाता**
**राजविराज, २० भदौ ।**

सप्तरी क्षेत्र नं. ३ को प्रतिनिधिसभा क्षेत्रबाट प्रतिनिधिसभा सदस्यका लागि लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा) का वरिष्ठ नेता राजेन्द्र महतोसहित चार जनाको नाम सिफारिस भएको छ ।

सो क्षेत्रबाट प्रतिनिधिसभा सदस्यका लागि वरिष्ठ नेता महतोसहित वर्तमान प्रतिनिधिसभा सदस्य चन्द्रकान्त चौधरी, लक्ष्मीकान्त मण्डल र सरेन्द्र यादवको नाम पनि सिफारिस गरिएको लोसपाका युवा नेता गजेन्द्र मण्डलले जानकारी दिएका छन् ।

सोमबार सप्तरी क्षेत्र नं. ३ को सम्पन्न बैठकले प्रतिनिधिसभासहित प्रदेशसभा सदस्यका लागि उम्मेदवारहरुको नाम समेत सिफारिस गरिएको उनले बताए ।

सो क्षेत्रको प्रदेश सभा क बाट रामकुमार शास्त्री, जगदिश यादब र सुरेन्द्र यादब तथा प्रदेश सभा ख बाट गजेन्द्र कुमार मण्डल, सुनिल कुमार झा र उपेन्द्र प्रसाद साहको नाम सिफारिस गरिएको छ ।



यता नेता महतोको धनुषा प्रतिनिधिसभा क्षेत्र नं. ३ बाट एकल उम्मेदवारको रुपमा नाम सिफारिस भएको छ । उनी त्यस क्षेत्रको वर्तमान प्रतिनिधिसभा सदस्य हुन् । सो क्षेत्रबाट नेकपा एमालेकी नेतृ जुली महासेठले नाम सिफारिस भएको छ ।

# कर्मचारीको नियुक्ति, सरुवा, बढुवा कुनै पनि काम गर्न नपाउने

**दैनिक समाचारदाता**
**काठमाडौं, २० भदौ ।**

सरकारले सोमबारदेखि कर्मचारीको नियुक्ति, सरुवा, बढुवा कुनै पनि काम गर्न नपाउने भएको छ ।

निर्वाचन आयोगले गएको भदौ २ गते दिएको निर्देशनअनुसार सरकारले सोमबारदेखि कर्मचारीको सरुवा, बढुवा, नियुक्ति कुनै पनि काम गर्न नपाउने भएको हो ।

आउँदो प्रदेश सभा र प्रतिनिधि सभा चुनाव प्रयोजनका लागि यी काम नगर्न आजभन्दा १८ दिनअघि अर्थात् गएको भदौ २ गते नै आयोगले निर्देशन दिएको आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले बताए ।

न्युज एजेन्सी नेपालसँग कुरा गर्दै उनले कुनै पनि ठाउँमा स्वीकृत दरबन्दी रिक्त रहेमा त्यसलाई पूर्ति गर्न सरकारले १८ दिनको समय दिएको पनि स्पष्ट पारे । सहायक प्रवक्ता अर्यालले भने, 'निर्वाचन आयोगले निर्वाचन तयारीको क्रममा नेपाल सरकार, प्रदेश सरकार र पालिकालाई विभिन्न खालको निर्वाचनसँग सम्बन्धित निर्देशनहरू दिँदै आएको छ । यसै सन्दर्भमा भदौ २ गते आयोगले संघ, प्रदेश र पालिकाका कुनै पनि स्वीकृत दरबन्दीभित्र पद खाली छ भने त्यसलाई व्यवस्थापन गर्नका लागि भदौ २० गतेसम्मको समय दिएको थियो ।'

निर्वाचन आयोगले यसअघि नै चुनाव प्रयोजनका लागि कर्मचारी व्यवस्थापन गर्न प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा सबै जिल्लामा कर्मचारी व्यवस्थापन कमिटी बनाएको छ । कर्मचारीलाई चुनाव प्रयोजनका लागि परिचालन गर्न सबै जिल्लामा कमिटी पनि व्यवस्था गरिएको आयोगका सहायक प्रवक्ता अर्यालले बताए ।

निर्वाचन आयोगले चुनावको मिति घोषणा भएदेखि नै सरकारलाई आचारसंहिता लाग्ने पनि स्पष्ट पारेको छ । आउँदो मङ्सिर ४ गते प्रदेश सभा र प्रतिनिधि सभा चुनाव हुँदैछ ।

# सिलाई बुनाई श्रमिक संघमा नयाँ नेतृत्व

**दैनिक समाचारदाता**
**राजविराज, २० भदौ ।**

नेपाल एम्ब्रोडि हयाण्डीक्राफ्ट तथा सिलाइ बुनाइ श्रमिक संघको जिल्ला अधिवेशनले १३ सदस्यीय नयाँ नेतृत्व चयन गरेको छ ।



दुई दिन सम्म चलेको अधिवेशनले मो. हासिमको अध्यक्षता १३ सदस्यीय नयाँ कार्य समितीको सर्वसम्मतले चयन गर्दै सम्पन्न भएको हो ।

चार वर्षे कार्यकालका लागी नवगठित समितीको उपाध्यक्षमा कौशर शेख, सचिव कौशर अन्सारी र कोषाध्यक्ष तैयव अंसारी रहेका छन् ।

यस्तै सदस्यहरुमा लक्ष्मी बैजनाथ, मो. सदाम, मो.अलाउदिन, विजय साह, मो.सलाउदीन, राम बाबु परियार, गुलाम रसुल र राजेश परियारको चयन गरिएको छ ।

सो अवसरमा संघको मधेश प्रदेश समितीका अध्यक्ष कमल परियार, ट्रेड युनियन यातायात संघका जिल्ला अध्यक्ष पुर्ण आलेमगर लगायतले शुभकामना दिदै सरकारले श्रमिकको आत्मसम्मान र वृति विकासका लागी श्रमिक मैत्री ऐन ल्याउनु पर्नेमा जोड दिए ।


## भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**P-JTA बाली विज्ञान १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

**केही सिट बाँकी रहेकोले तुरुन्त सम्पर्क राख्नुहोला ।**

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**

**राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक**

**फोन नं. ०३१-५२१४७८**

**मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५**



दर्ता नं. ११/०६८/०६९

## जनज्योति कृषि सहकारी संस्था लि.

राजबिराज-९,मलेठ,सप्तरी

**विषय- उपस्थिति वारे ।**

मिति २०७९।०५।१९

महोदय्

उपरोक्त विषयमा यस संस्थाको संचालक समितिको मिति २०७९।०३।३२ गते बसेको बैठकको निर्णयनुसार संस्थाको ११ औं वार्षिक साधारण सभा तपसिलको प्रस्तावहरु उपर छलफल गरी निर्णयका लागि तपसिलका मिति, समय र स्थानमा हुने भएको हुँदा उक्त सभामा उपस्थितिको लागि सम्पूर्ण शेयर सदस्यज्युहरुलाइ जानकारी पत्र पठाइ सकिएको छ , कुनै कारणवस पत्र प्राप्त न भएको भए यसै सुचनालाइ आधारमानी उपस्थितिकोलागी हार्दिक अनुराध गरिन्छ ।

तपसिल

१. संचालक समितिको तर्फबाट प्रस्तुत अध्यक्षिय प्रतिवेदन उपर छलफल तथा पारित सम्बन्धमा ।
२. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन उपर छलफल तथा पारित सम्बन्धमा ।
३. कोषाध्यक्ष प्रतिवेदन उपर छलफल तथा पारित सम्बन्धमा ।
४. आ.व.२०७८।०७९ को वार्षिक लेखा परिक्षण प्रतिवेदन उपर छलफल तथा पारित सम्बन्धमा ।
५. आ.व. २०७९।०८० को वार्षिक कार्य योजना उपर छलफल तथा पारित सम्बन्धमा ।
६. साधारण सभाका निर्णय लेखन तथा प्रमाणिकरण समिति चयन सम्बन्धमा ।
७. आ.व. २०७९।०८० को लेखा परिक्षक नियुक्ति तथा पारिश्रमिक उपर छलफल तथा पारित सम्बन्धमा ।
८. आ.व. २०७८।०७९ को कोष हिंसाव खर्च सम्बन्धमा ।
९ वाह्य दायित्व सम्बन्धमा ।
१०.संस्थाको विनियम पुनरालेखन सम्बन्धमा ।
११. संस्थाको कार्यविधी नितीहरु उपर छलफल तथा पारित सम्बन्धमा ।
१२. विविध

तपसिल

१.मिती :- २०७९/०५/२४ गते शुक्रवार
२.समय :- बिहान १० बजे देखि
३.स्थान :- संस्थाको सेलर मिल राजविराज ९ मलेठ, रुपनी रोड सप्तरी

बिश्वनाथ मण्डल
अध्यक्ष

# खस्कियो कक्षा १२ को नतिजा

भक्तपुर, २० भदौ (रासस)।

राष्ट्रिय परीक्षाबोर्डले यहीँ १७ गते कक्षा १२ को सार्वजनिक गरेको परीक्षाफलको नतिजा सन्तोषजनक नदेखिएपछि समग्र विद्यालयस्तरको शैक्षिक अवस्थाका बारमा छलफल सुरु भएको छ।

कक्षा १२ को नतिजा आउँदा ५० प्रतिशतभन्दा बढी विद्यार्थी अनुतीर्ण भएपछि विद्यालय तहकै पाठ्यक्रम, कक्षा भार, शिक्षण सिकाइदेखि सरकारको लगानीमासमेत सरोकारवाला व्यक्तिको चासो बढेको हो । बोर्डका अनुसार कक्षा १२ को नतिजामा एक लाख अठासी हजार चार सय १० जना अर्थात कूल परीक्षार्थीको ५१दशमलव ९० प्रतिशत नन ग्रेडिड अर्थात अनुतीर्णमा परेका छन्।

बोर्डका अध्यक्ष डा महाश्रम शर्माका अनुसार परीक्षामा नियमिततर्फ तीन लाख ६३ हजार आठ, ग्रेड वृद्धितर्फ ३० हजार ४५ र आंशिकतर्फ तीन हजार एक सय ३२ गरी कूल तीन लाख ९६ हजार एक सय ८५ विद्यार्थीले परीक्षा दिएका थिए। लेटर ग्रेडिङ निर्देशिका, २०७८ अनुसार प्रयोगात्मक परीक्षामा न्यूनतम ४० अङ्क र सैद्धान्तिकतर्फ कुनै पनि विषयमा न्यूनतम ३५ अङ्क ल्याउन नसक्नेको प्रमाणपत्रमा एनजी ( नन ग्रेडिड) लेखिने छ।

बोर्डका अध्यक्ष डा शर्मा भन्नुहुन्छ, "यसवर्ष एक लाख अठासी हजार चार सय १० विद्यार्थी नन ग्रेडेडमा परेका छन्। तीमध्ये दुई विषयमा निर्धारित प्रतिशतभन्दा कम ल्याउने एक लाख तीस हजार आठ सय ७८ विद्यार्थीले मात्रै ग्रेड वृद्धि परीक्षामा सहभागी हुन पाउँछन्। तर दुई भन्दा बढी विषयमा नन ग्रेडेड ल्याएका सन्ताउन्न हजार पाँच सय ३२ जना विद्यार्थीले अर्को वर्ष सबै विषयको परीक्षा दिनुपर्छ।"

ग्रेडवृद्धि र आंशिक परीक्षार्थीको नतिजा अक्षराङ्कन पद्धतिअनुसार नतिजा प्रकाशन गरिएको छ। जसअनुसार आंशिकतर्फ तीन हजार एक सय ३२ जनाले परीक्षा दिएकामा एक हजार दुई सय ८८ जना ४१दशमलव१२ प्रतिशत मात्रै उत्तीर्ण भएका छन्। विसं२०७८ मा सार्वजनिक भएको नतिजामा सात हजार ६३ विद्यार्थीले तीन दशमलव छ जीपीए कटाएका थिए।

कोभिड-१९ को तस्रो लहरका कारण २०७७ सालको परीक्षा होम सेन्टरमा सञ्चालन भएको थियो भने २०७८ मा बोर्डले केन्द्र तोकेर विद्यार्थीको भौतिक उपस्थितिमै परीक्षा सञ्चालन गर्दा चार हजार एक सय ७९ विद्यार्थीले मात्रै तीन दशमलव ६१ देखि चारजीपीए ल्याएका थिए।

यसबारेमा बोर्डका अध्यक्ष डा शर्मा समग्रमा नतिजा खस्किएको देखिए पनि नतिजाले विगतको ट्रेन्डलाई पछ्याएको छ भन्नुहुन्छ। अहिलेको नतिजाले सन्तोष मान्ने ठाउँ नभएकाले शैक्षिक गुणस्तर उकास्न सबै तहबाट मेहनत गर्नुपर्ने आवश्यकता खड्किएको उहाँ जानकारी दिनुहुन्छ । यसवर्ष विद्यार्थीको भौतिक उपस्थितिमै परीक्षा सञ्चालन गरिएकाले पनि आएको नतिजालाई अन्यथा लिनुपर्ने अवस्था नरहेको अध्यक्ष शर्मा बताउनुहुन्छ।

शिक्षाविद् विद्यानाथ कोइराला प्रमुख तीन कारणले नतिजा खस्किएको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "सानैदेखि उदार कक्षोन्नतिको प्रवृत्ति गलत छ, तलैबाट कमजोर विद्यार्थीलाई पनि माथि लगियो त्यसको नतिजा अहिले आएर देखियो।"लेटर ग्रेडिङले पनि विद्यार्थीको सिकाइमा असर पारेको उहाँको भनाइ छ। लेटर ग्रेडिङले कक्षामा फेल होइदैन भन्ने गलत मानिसिकता विद्यार्थीमा पर्नु र यसमा शिक्षक तथा विद्यार्थी दुबैको गलत बुझाइले प्रभावकारी शिक्षण सिकाइ नहुँदा समस्या आएको उहाँको भनाइ छ।

पछिल्लो समय पढेर के हुन्छ र ? भन्ने मानसिकता विद्यार्थीमा पर्‍यो र भविष्यको आशा बनेन अनि विद्यार्थीमा पढ्ने रहरनै जागेन भन्ने उहाँको धारणा छ। प्रविधि र किताबको फरकले पनि नतिजामा समस्या आएको बताउँदै शिक्षाविद् कोइराला भन्नुहुन्छ, "कक्षामा पढाउने कला र विद्यार्थीमा पढ्ने कला नै मिलेन, शिक्षक किताब पढाउने तर विद्यार्थी प्रविधिमैत्री हुँदै प्रविधिबाट सिकाइ गर्न चाहने यो भिन्नताले पनि शिक्षण सिकाइमा समस्या आयो।

विद्यार्थीलाई त्यहीँ अन्याय भयो, प्रविधिमय सिकाइ हुनु आवश्यक छ।" अङ्ग्रेजी र गणितमै धेरै विद्यार्थी फेल हुनु चिन्ताको विषय रहेको भन्दै उहाँ शिक्षकमा त्यहीँ अनुसारको तयारी गर्न नसक्नु पनि कमजोरी रहेको औंल्याउनुहुन्छ। "एकथरी पढिखाने र एक थरी गरिखाने विद्यार्थी छन्, गरिखानेलाई सीप र प्रविधिसँग गरिखाने शिक्षा चाहिएको छ, त्यसैले अब पढाइ र गराइलाई जोडेर लानुपर्ने आवश्यकता छ", शिक्षाविद् कोइराला भन्नुहुन्छ।

नेपाल अभिभावक महासङ्घका केन्द्रीय अध्यक्ष सुप्रभात भण्डारी कक्षा १२ को नतिजामा करिब ५१ प्रतिशत विद्यार्थी अनुत्रीर्ण हुनु भनेको दुःखद र शैक्षिक गुणस्तर सन्तोषजनक नरहेको प्रष्ट भएको गुनासो गर्नुहुन्छ।

उहाँ भन्नुहुन्छ, "अहिले कक्षा कोठाको शिक्षण सिकाइ नै कमजोर देखिन्छ, गुणस्तरीय शिक्षणमा शिक्षकको कमजोरी केलाउनु आवश्यक छ, विद्यालयको तलदेखिकै जग कमजोर बन्दै गएको छ, पाठ्यक्रमले पनि यसमा भूमिका खेलिरहेको हुन्छ। यो नतिजाले त शिक्षक अब्बल भएनन् भनेर पनि प्रश्न चिन्ह खडा भएको छ। " दुईवर्ष कोभिडका कारण अनलाइन कक्षा र पढाइ प्रभावकारी हुन नसक्नु नतिजा खस्कनुको एउटा कारण रहेको भन्दै अध्यक्ष भण्डारी यसैलाई दोष दिएर पन्छिने ठाउँ भने नभएको बताउनुहुन्छ। कक्षामा नियमित सिकाइ भएको छ कि छैन, गुणस्तीय शिक्षा छ कि छैन, शिक्षक अब्बल छन् कि छैनन्, पाठक्रम निर्धारण लागू गर्न कमी कमजोरी पनि रहेका छन् कि ? यसको खोजी आवश्यक रहेको उहाँको भनाइ छ।

उच्च माध्यमिक विद्यालय सङ्घ नेपाल (हिसान) का केन्द्रीय कोषाध्यक्ष वीरेन्द्र जयना कोरोना महामारीले दुईवर्ष भएको लकडाउनका कारण शिक्षण सिकाइ प्रभावकारी बन्न नसक्दा नतिजा खस्किएको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "दुई वर्ष लकडाउन भयो, त्यतिबेला एसइई दिनेको नतिजा पनि राम्रो आएन, अनलाइन कक्षाको भरमा कक्षा ११ पढ्नु पर्‍यो, विषयगत शिक्षकको अभाव, पढ्ने पढाउने वातावरण नहुनु, काठमाडौं उपत्यकाका अधिकांश विद्यालयमा पढ्ने विद्यार्थी आधाभन्दा बढी गाउँ फर्कनु, गाउँमा अनलाइन कक्षासमेत लिन नपाइनु, अनि नतिजा कसरी राम्रो आउँछ र ?"

अनलाइन कक्षामा पनि सबैसँग ल्यापटप तथा मोबाइलको पहुँच नहुँदा र गाउँ फर्किएका विद्यार्थीले अनलाइन कक्षा पनि लिन नसक्दा सामुदायिक विद्यालयको नतिजा अझै खस्किएको हुनसक्ने कोषाध्यक्ष जयनाको भनाइ छ। अहिलेको नतिजाले राज्यकै लगानी, अभिभावकको लगानी र स्वयं विद्यार्थीको भविष्यमा पनि प्रश्न चिन्ह खडा भएको उहाँ बताउनुहुन्छ।

कोषाध्यक्ष जयना अनिवार्य पाँच वटा विषय रहेकोमा लकडाउनकै बेलामा नयाँ एक विषयको पाठचक्रम थपेर छ विषयलाई अनिवार्य गर्नु तर त्यसको तयारी कक्षाको सिकाइको तयारी नगर्नु, विषय शिक्षकको अभाव हुनुले पनि नतिजालाई असर पारेको बताउनुहुन्छ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन) का केन्द्रीय उपाध्यक्ष दीपीका थापा रिमाल नतिजा सन्तोषजनक नहुनमा लकडाउन मुख्य कारण भएको बताउनुहुन्छ।

अनलाइन कक्षा स्कुलदेखिनै प्रभावकारी नहुनु, अनलाइनका लागि प्रविधि सबैसँग नहुनु र

***बाँकी तीन पृष्ठमा***


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. कालीप्रसाद यादव**

**Dr. Kali Prasad Yadav**

MBBS, MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)

NMC Reg. No. : 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशानालय

**कृषि ज्ञान केन्द्र**

राजविराज, सप्तरी

फोन नं. ९८५२८२०७६५
Email : akcsaptari@gmail.com, dadosaptari@gmail.com
website : www.akcsaptari.p2.gov.np

## स्यालो ट्यूवेल/मोटर/ कुलो पैनी कार्यक्रमको लागि सूचना

सूचना न. १/२०७९/८०

प्रथम पटक प्रकाशित मिति २०७९।०५।२०

यस कृषि ज्ञान केन्द्र, सप्तरीको आ.व. २०७९/२०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सिंचाई व्यवस्थापन प्रवर्धन र व्यवसायिक कृषि उत्पादन क्षेत्र सुदृढिकरणका लागि सिंचाई व्यवस्थापन सहयोग अन्तर्गत (स्यालो ट्यूवेल/ मोटर/ कुलो पैनी ) अनुदान कार्यक्रम संचालन गर्न १५ % लागत साझेदारीमा संचालन गर्न इच्छुक कृषक, कृषक समूह, कृषि सहकारी संस्था/ कृषि उत्पादनमा संलग्न निजी फर्म/ उद्यमीहरुले यस कृषि ज्ञान केन्द्रमा यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन भित्र अर्थात मिति २०७९।०५।२० गते देखि २०७९।०६।०९ गते सम्ममा कार्यालय समय भित्र तपसिल बमोजिमका कागजातहरु फाइलमा संलग्न राखि प्रस्ताव/ आवेदन दर्ता गर्नु हुन आव्हान गरिन्छ ।रित्त नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने ब्यहोरा समेत जानकारी गराईन्छ ।प्रस्ताव/आवेदनका लागि थप जानकारी यस ज्ञान केन्द्र र Website: www.akcsaptari.p2.gov.np बाट लिन सकिन्छ ।

**संलग्न गर्नु पर्ने कागजातहरु:-**

- अनुसूची २ बमोजिमको आवेदन साथ रु १०/- को टिकट।
- आवेदकको (व्यक्तिको हकमा) नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- आवेदकको (समुह, सहकारी संस्था र फर्म कम्पनिको हकमा) दर्ता र नविकरण भएको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि र आवेदकको (कृषक समुह/कृषि सहकारी संस्था र फर्म कम्पनिको हकमा) स्थाई लेखा नम्वर लिएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
- मांग गरेको स्यालो ट्युवेल जडान हुने जग्गाको जग्गाधनी पुर्जाको (सो नभए भोगाधिकार प्रमाण) को प्रमाणित प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा लालपुर्जा र जग्गाधनीको सक्कल मन्जुरीनामा समेत ।
- स्थानिय निकायमा रहेको कृषि बिकास शाखा वा वडा कार्यलयको सिफारिसपत्र।
- मांग गरेको स्यालो ट्युवेल जडान हुने जग्गाको नक्शाको ब्लू प्रिन्ट/कम्पुटर प्रिन्ट ।
- समुह, सहकारी संस्था र सझेदारी कम्पनिको हकमा आयोजना प्रस्ताव गर्ने सम्वन्धमा कार्यकारीणीको निर्णयको प्रतिलिपि ।
- कृषक(व्यक्ति)को हकमा नागरिकताको प्रतिलिपि र समुह, सहकारी संस्थाको हकमा अध्यक्ष,कोषाध्यक्ष/सचिवको नागरिकताको प्रतिलिपि र फर्म कम्पनिको हकमा आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि तथा अख्तियारी पत्र ।
- यस ज्ञान केन्द्र र प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत हाल र विगत २ वर्ष भित्र जोन, ब्लक, पकेट तथा अन्य संघ संस्थाबाट स्यालो टयूवेल जडान कार्यको लागी अनुदान पाईसकेका कृषक, कृषक समूह, कृषि सहकारी, तथा कृषि फर्महरुले स्यालो टयूवेलको लागी निवेदन दिन पाउने छैन ।भिडभाडमा धोखाले आवेदन दर्ता भए रद्द गरिने छ।
- आफ्नै/ संस्थाको खर्चमा स्यालो टयूवेल जडान गरि सकेका कृषक/ उपभोक्ताहरुले विधुतिय मोटर तथा अन्य सिंचाई सामग्रीहरु माग गर्न सकिने छ ।
- गत विगत २ आ.व. भित्र यस ज्ञान केन्द्रबाट कुनै कार्यक्रम नपरेका (कृषक, कृषक समुह, कृषि सहकारी संस्था तथा फर्म कम्पनिहरुलाई) ग्राह्ययता दिइने छ ।
- स्यालो टयूवेलको लागि आवेदन अन्तिम दिन मात्र दर्ता गराउने परमपराले गर्दा भिडभाड बढ्ने र आवेदन दर्ता गराउन छुट हुने सम्भावना रहेकोले भिडभाड हुन नदिन कुरालाई ध्यानमा राखी अन्तिम समय सिमा भन्दा अगाडीनै निवेदन दर्ता गराउनु पर्ने छ ।
- कुलोपैनी, हकमा कृषक समुह/ कृषि सहकारी संस्थाहरु मात्र अनुदानको लागि योग्य हुने छ ।
- प्रस्ताव स्वीकृत गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस ज्ञान केन्द्रमा निहित रहने छ ।
- झूटो विवरण पेश गरेको प्रमाणित भएमा जुनसुकै वेला आवेदन/निवेदन रद्द हुने छ।

**अनुदानका सर्तहरु:-**

१) स्यालो टयूवेलबाट सिंचाई पुर्याउने खेती योग्य जग्गाको हकमा १५० मि. अर्धव्यास भित्र तरकारी, खाद्यान्न बालीको हकमा कम्तीमा २ विघा,माछापालन को हकमा कम्तीमा १.५ विघा र कृषि/ कृषि वन नर्सरी/ फर्मको हकमा कम्तीमा १० कठ्ठा जग्गाको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्ने ।

२) स्यालो टयूवेलको लागी विधुतिय मोटर र इस्टीमेट बमोजिमको पाइप, जाली तथा अन्य टयूवेल सामग्रीहरुमा बढीमा ८५% अनुदानमा दिईनिछ ।

३) साना सिंचाईको लागी आवेदन दिने व्यक्ति/ संस्था/ फर्मले ईस्टिमेट बमोजिमको १५% रकम आयोजना छनौटमा परे पछि सम्झौताको समयमा राष्ट्रिय वाणिज्य वैंक, राजविराज स्थित प्रदेश लेखा ईकाइ कार्यालय सप्तरीको धरौटी खाता नं. २१८०१००२०२०३०००० मा यस ज्ञान केन्द्रको कार्यलय कोड न. ३१२०११५०१२ मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्ने छ ।

मधेश प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय ,
कृषि विकास निर्देशनालय

## कृषि ज्ञान केन्द्र

सप्तरी,राजविराज

फोन नं .९८५२८२०७६५
Email : akcsaptari@gmail.com, dadosaptari@gmail.com
website : www.akcsaptari.p2.gov.np

पत्र संख्या : २०७९/०८०

### प्रस्ताव आवहानको सूचना । प्रथम पटक प्रकाशित मिति : २०७९/०५/२०

यस ज्ञान केन्द्रको चालु आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रमहरु संचालन गर्नु पर्ने भएकोले ईच्छुक कृषक, कृषक समूह, कृषि सहकारी, र कृषि फर्महरुले माग गरिएको कागजात सहित फाइल माथि स्पस्ट खुलाई प्रथम पटक प्रकाशित मितिले २१ औं दिन (२०७९/०६/०९) भित्र यस ज्ञान केन्द्रमा प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| क्र. स. | सूचना न. | कार्यक्रमको नाम | अधिकतम अनुदान प्रतिशत (%) | लक्षित सेवाग्राही | पेश गर्दा चाहिने कागजातहरु |
|---|---|---|---|---|---|
| १ | २/ २०७९/ ८० | कृषि यन्त्र उपकरण प्रवर्धन र व्यवसायिक कृषि उत्पादन क्षेत्र सुदृढीकरणका लागि कृषि यन्त्र उपकरण सहयोग (स्वचालित/एट्याचमेन्टस/ बीउ प्रसोधन लगयात अन्य) | ५०% | कृषक/ कृषक समूह/ कृषि सहकारी/ कृषि फर्म,बीउ व्यवसायी | १.कृषि ज्ञान केन्द्रले तयार परेको निर्धारित ढाँचाको राम्ररी भरेको रु १० को टिकेट टाँसेको आवेदन फर्म।<br>२.कृषकको हकमा आफु र आफ्नो परिवारको नाममा रहेको ३ बिघा जग्गा भएको धनि पुर्जा प्रमाणित प्रतिलिपि र समुह र सहकारीको हकमा सदस्यहरुको ४ बिघा जग्गा भएको धनि पुर्जा प्रमाणित प्रतिलिपि।<br>३.आफ्नो जग्गा नभए खेति गरिरहेको ३ विघा जग्गाको कम्तिमा पाँच वर्ष अवधिको करारनामापत्र (लिजमा)।<br>४.स्थानिय निकायमा रहेको कृषि विकास शाखा वा वडा कार्यालय सिफारिसपत्र।<br>५.ट्राक्टर एट्याचमेन्टको लागि आफ्नो परिवारको नाममा रहेको ब्लू बुक को प्रमाणित प्रतिलिपि।<br>६. संस्थाको पान न.,२०७८/७९ को कर चुक्ता र प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।<br>७.नागरिकताको प्रमाणित प्रतिलिपि।<br>८.संस्थाको हकमा अध्यक्ष र सचिव/कोषाध्यक्षको नागरिकता तथा अन्य कागजातको प्रतिलिपि।<br>९.वीउ उत्पादक भए बीउ उत्पादन तथा भण्डारण सम्वन्धि तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि।<br>१०.समुह/संस्था/फर्म तथा वीउ उत्पादकको हकमा माँग गरेको योजना सम्वन्धि निर्णयको प्रतिलिपि।<br>११. पुरानो पकेट/ब्लक हकमा संचालक समितिको प्रमाणपत्र र निर्णयको प्रतिलिपि। |
| २ | ३/ २०७९/ ८० | बगर खेतीमा सहयोग ( तरकारी वाली प्रवर्धन सहयोग कार्यक्रम) | उत्पादन सामग्री ५०% र पुजीगत सामग्री ८५% | कृषक समूह/ कृषि सहकारी/ कृषि फर्म | १.कृषि ज्ञान केन्द्रले तयार परेको निर्धारित ढाँचाको राम्ररी भरेको रु१० को टिकेट टाँसेको आवेदन फर्म।<br>२.स्थानिय निकायमा रहेको कृषि विकास शाखा वा वडा कार्यालय सिफारिसपत्र।<br>३. संस्थाको पान न.,२०७८/०७९ को कर चुक्तार प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।<br>४.संस्थाको हकमा अध्यक्ष र सचिव/कोषाध्यक्षको नागरिकता तथा अन्य कागजातको प्रतिलिपि।<br>५.निवेदक/संस्थाको नाममा रहेको कम्तिमा ३ विघा क्षेत्रफल भएको धनीपुर्जाको प्रमाणित प्रतिलिपी, लिजमा लिएको जग्गाको हकमा करारनामा पत्र।बगर क्षेत्रको जग्गामा बगर खेति गरिएको छ भने सम्वन्धित पालिकाको सहमति सहित वास्तवमा खेति गरिको छ भने खुलाइएको प्रमाणित कागजात। |
| ३ | ४/ २०७९/ ८० | प्रस्तावमा आधारित व्यवसायिक कृषि विकास कार्यक्रम (लसुन,प्याज,सोहिजन,मेवा, मुंग,ड्रागन आदि) | उत्पादन सामग्री ५०% र पुजीगत सामग्री ८५% | कृषक/ कृषक समूह/ कृषि सहकारी/ कृषि फर्म,बीउ व्यवसायी | १.कृषि ज्ञान केन्द्रले तयार परेको निर्धारित ढाँचाको राम्ररी भरेको रु१० को टिकेट टाँसेको आवेदन फर्म।<br>२.स्थानिय निकायमा रहेको कृषि विकास शाखा बा वडा कार्यालय सिफारिसपत्र।<br>३. संस्थाको पान न.,२०७८/०७९ को कर चुक्ता र प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।<br>४.नागरिकताको प्रमाणित प्रतिलिपि।<br>५.संस्थाको हकमा अध्यक्ष र सचिव /कोषाध्यक्षको नागरिकता तथा अन्य कागजातको प्रतिलिपि।<br>६.निवेदकको नाममा रहेको कम्तिमा १० कठा क्षेत्रफल धनीपुर्जाको फोटोकपी, लिजमा लिएको जग्गाको हकमा करारनामा पत्र।<br>७.संस्थाको सदस्यको हकमा एकै ठाउमा सामुहिक रुपमा कम्तिमा १० कठ्ठा बाली लगाएको हुनु पर्ने। |

**नोट : प्रस्ताव स्वीकृत गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस ज्ञान केन्द्रमा निहित रहने छ।एक वटा कृषक/संस्थाहरुले बढीमा दुई वटा भन्दा बढी प्रस्तावनाको लागि आवेदन दिन पाउने छैन।गत विगत दुई आ.व. भित्र कुनै विषयमा अनुदान पाई सकेको व्यक्ति/ संस्थाले सोहि विषयमा पुनः अनुदान पाउने छैन।झूटो विवरण पेश गरेको प्रमाणित भएमा जुनसुकै वेला आवेदन/निवेदन रद्द हुने छ।**

..............................
राजेन्द्र प्रसाद यादव
(दशौ तह)
प्रमुख

## विश्व समाचार

### पाकिस्तान बाढीः तेह्र सयभन्दा बढीको मृत्यु

इस्लामावाद, २० भदौ (रासस/सिन्ह्वा) ।

बितेका दुई महिनामा पाकिस्तानका विभिन्न भागमा अविरल वर्षासँगै आएको बाढीमा परी एक हजार तीन सय १४ जनाको मृत्यु भएको छ भने १२ हजार सात सय तीन जना घाइते भएका छन् ।

तीन करोड ३० लाखभन्दा बढी प्रभावित भएका छन् । हरेक सात जना पाकिस्तानी नागरिकमा एक जना बाढीपहिराबाट पीडित भएका छन् । बितेका २४ घण्टामा बाढीले बगाउँदा २४ जनाको ज्यान गएको तथा एक सय १५ जना घाइते भएका राष्ट्रिय प्रकोप व्यवस्थापन प्राधिकरण (एनडिएमए)ले जनाएको छ ।

देशको दक्षिणी सिन्ध प्रान्त सबैभन्दा बढी प्रभावित भएको छ । उक्त प्रान्तमा १९ जनाले ज्यान गुमाएका छन् । उत्तरपश्चिमी प्रान्त खैबर पख्तुनख्वामा तीन जनाको मृत्यु भएको तथा पञ्जाव प्रान्तमा एक जनाले प्राण त्यागेका र एक सय सात जना घाइते भएका प्राधिकरणले आइतबार राति जारी गरेको बाढीको अद्यावधिक विवरणमा जनाइएको छ । बलुचिस्तान, गिलगिट र बाल्टिस्तान पनि बाढीको चपेटमा परेका छन् ।

खैबर पख्तुनख्वा र सिन्ध प्रान्त बाढीपहिराबाट अति प्रभावित भएका छन् । बाढीपहिराले तीन हजार चार सय ५७ किलोमिटर सडक बगाएको, एक सय ५९ पुल भत्काएको, २० लाख एकड भन्दा बढी क्षेत्रफलमा लगाएको बाली नष्ट भएको, एक सय ९५ पसल बगाएको, नौ लाख ४९ हाजर आठ सय ५८ भन्दा बढी घरमा क्षति भएको तथा सात लाखभन्दा बढी चौपाया मरेका छन् ।

हालसम्म ७१ हजार दुई सय ७५ जनालाई उद्धार गरिएको तथा पाँच लाख १३ हजार चार सय ४२ जनालाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ । देशमा आपत्काल घोषणा गरिएको छ । साथै सरकारले बाढीपहिरो प्रतिकार्यसमबन्धी कामलाई संस्थागतरूपमा सम्पादन गर्न समन्वय केन्द्र स्थापना गरेको छ । बाढीले निम्त्याएको भीषण परिस्थितिको सामना गर्न तथा क्षति भएका भौतिक संरचनालाई पुनः स्थापना गर्न भरमग्दुर प्रयास भइरहेको छ । सरकारी एवम् गैरसरकारी संस्थाले उक्त केन्द्रसँगको समन्वयमा राहत तथा उद्धारका काम गरिरहेका छन् ।

### विहारमा डुङ्गा डुब्दा दश जना बेपत्ता

नयाँदिल्ली, २० भदौ (रासस/सिन्ह्वा) ।

पूर्वी भारतको विहार राज्यको एउटा नदीमा आइतबार साँझ डुङ्गा डुब्दा दश जना बेपत्ता भएका छन् भने ४० जना पौडेर सुरक्षित स्थानमा पुग्न सफल भएकमा सरकारी अधिकारीले बताएका छन् ।

हराइरहेकाहरूको उद्धार तथा खोजमा राज्यको प्रकोप व्यवस्थापन कार्यालयका अधिकारी क्रियाशील रहेका पटनास्थित जिल्ला मजिस्ट्रेट कार्यालयले जनाएको छ । दुर्घटनाग्रस्त डुङ्गामा पटनाको दाउदपुर क्षेत्रका श्रमिक सवार थिए । उनीहरू कामबाट फर्केका थिए । राष्ट्रिय प्रकोप उद्धार बलका गोताखोर पनि खोजीमा परिचालन भएका छन् ।

भारतका ग्रामीण क्षेत्रमा परम्परागतरूपमा निर्माण गरिएका डुङ्गा यातायातका प्रमुख साधन हुन् । विशेष गरी वर्षायाममा भारतमा डुङ्गा दुर्घटना हुने गरेका छन् ।

### बङ्गलादेश सडक दुर्घटनाः नौ जनाको मृत्यु, त्रिसट्ठी घाइते

ढाका, २० भदौ (रासस/सिन्ह्वा) ।

राजधानी ढाकाबाट तीन सय चार किलोमिटर उत्तरपश्चिममा अवस्थित रङपुर जिल्लामा सोमबार अपराह्न भएको सवारी दुर्घटनामा परी नौ जनाको मृत्यु भएको छ भने अन्य ६३ जना घाइते भएका छन् ।

यात्रुबाहक दुईवटा बस एकआपसमा ठोक्किदा उक्त हताहति भएको हो । घटनास्थलमा पाँच जनाको ज्यान गएको रङपुर जिल्लाको तारापुञ्ज क्षेत्रका उपप्रमुख मोहम्मद रसेलले बताए । अन्य चार जनाको उपचारको क्रममा अस्पतालमा निधन भएको हो । दुर्घटनामा केही यात्री गम्भीर घाइते भएका छन् । उनीहरूको स्थानीय अस्पताल र स्वास्थ्य केन्द्रमा उपचार भइरहेको छ । दुर्घटनाको कारणबारे अनुसन्धान भइरहेको पनि उनले बताएका छन् ।

### सिचुवान भूकम्प : सात जनाको मृत्यु

छन्दु, २० भदौ (रासस/सिन्ह्वा) ।

चीनको दक्षिणप्रश्चिम प्रान्त सिचुवानको लुडिङ काउन्टीमा ६.८ म्याग्निच्युडको भूकम्पमा परी सात जनाको मृत्यु भएको स्थानीय अधिकारीहरूले बताएका छन् । भूकम्पबाट भएको मानवीय क्षति र भौतिक संरचनाको विस्तृत विवरण आउन बाँकी छ । स्थानीय समयअनुसार १२ बजेर ५२ मिनेटमा लुडिङ काउन्टीभन्दा ३९ किलोमिटर टाढाको स्थललाई केन्द्रबिन्दु बनाएर भूकम्प भएको चाइना भूकम्प नेटवर्क सेन्टरले जनाएको छ । भूकम्पको धक्का केन्द्रबिन्दुबाट दुई सय २६ किलोमिटर टाढा रहेको सिचुवान प्रान्तको राजधानी छन्दुमा पनि महसुस गरिएको थियो । राष्ट्रिय आपत्कालीन प्रतिकार्य तथा उद्धार कार्यालयबाट सहायताकर्मी भूकम्प प्रभावित क्षेत्रमा परिचालन भएका छन् ।

### खस्कियो कक्षा...

विद्यार्थी अनलाइन कक्षामै नबसिदिने, सबै कक्षाभार सिध्याउन नसक्ने समस्या रहेकाले शिक्षण सिकाइ नै प्रभावकारी नभएर नतिजालाई असर गरेको उहाँको भनाइ छ ।

पाठ्यपुस्तक सजह उपलब्ध नहुनु र कतिपय पढाइ नै नभएका पाठबाट प्रश्न आएको गुनासो विद्यार्थीबाट आउनुले पनि समस्या छ भन्ने देखाएको प्याब्सन उपाध्यक्ष थापा बताउनुहुन्छ । कक्षा १२ मा यस वर्षको नतिजामा चार हजार एक हजार ७९ जनाले तीन दशमलव ६१ देखि चार जिपिए, ३० हजार एक सय सात जनाले तीन दशमलव २१ देखि तीन दशमलव ६० जिपिए, ६५ हजार दुई सय ८४ जनाले दुई दशमलव ८१ देखि तीन दशमलव २० जिपिए, ६४ हजार ९३ जनाले दुई दशमलव ४१ देखि दुई दशमलव ८० जिपिए, १० हजार ९०० जनाले दुई दशमलव ०१ देखि दुई दशमलव ४० जिपिए र ३५ जनाले एक दशमलव ६१ देखि २ जिपिए ल्याएका थिए ।

# बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्मा अख्तियारको छापा

धनुषा, २० भदौ (रासस)।

बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्मा अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिबासले छापा मारेर केही कागजात नियन्त्रणमा लिएको छ। बर्दिबासबाट खटिआएको अख्तियारको टोलीले विभिन्न उजुरीका कागजात नियन्त्रणमा लिएको बर्दिबास कार्यालयका प्रमुख गोपाल अधिकारीले जानकारी दिनुभयो।

बृहत्तरबाट भएको विभिन्न निर्माण सम्बन्धीको काममा व्यापक अनियमितता भएको भन्दै परेको उजुरीका आधारमा अख्तियारले छापा मारी सो सम्बन्धी कागजात नियन्त्रणमा लिएर गएको प्रमुख अधिकारीले बताउनुभयो। यसभन्दा पूर्व बृहत्तरद्वारा जानकी मन्दिरमा भएको विद्युतीकरणमा व्यापक अनियमितता भएको भन्दै छापा हानेर अख्तियारले सम्बन्धित कागजात लिएको थियो। त्यो मुद्दा भने अख्तियारले मुल्तवीमा राखेको छ।

बृहत्तरले मधेश प्रदेशका धनुषा र महोत्तरी कार्यक्षेत्र रहेका जिल्लाका विभिन्न पालिकाबाट दर्जनौं उजुरी अख्तियारमा छन्। बृहत्तरले काम नै नगरी मिलेमतोमा उपभोक्ता समिति तथा ठेकेदारलाई भुक्तानी दिएको, प्राविधिकले मूल्याङ्कनभन्दा बढी रकम निकासा गरेको, गाडी खरिदमा समेत व्यापक अनियमितता भएको उजुरी परेको छ।

# निजामति दिवसमा सरसफाई तथा फलफुल बितरण गरिने



**दैनिक समाचारदाता राजविराज, २० भदौ।**

बिरामीलाई फलफूल वितरण तथा सबै सरकारी कार्यालयमा सरसफाइ गर्दै निजामती सेवा दिवस २०७९ मनाइने भएको छ।

सप्तरीका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमको अध्यक्षतामा सोमबार बसेको बैठकबाट सो निर्णय गरिएको हो।

निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन सप्तरीका अध्यक्ष अजयकुमार झाले भदौ २१ गते सबै सरकारी कार्यालयमा सरसफाइ तथा भदौ २२ गते राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालका बिरामीलाई फलफूल वितरण गर्ने र सोही दिन साँझ ७ बजे सबै सरकारी कार्यालयमा दिपावली गर्ने बैठकबाट निर्णय गरिएको बताए।

बैठकमा सहायक प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी गिरी, निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन, सप्तरीका अध्यक्ष झा, नेपाल निजामती कर्मचारी संगठनका उपाध्यक्ष महेशकुमार यादव, राजविराज कारागारका प्रमुख किशोरकुमार राम लगायतको उपस्थिती थियो।

# सिङ्गो दलित बस्ती शौचालयविहीन

जनकपुरधाम, २० भदौ (रासस)।

सप्तरीको डाँक्नेश्वरी नगरपालिका-५ तरहीस्थित सिङ्गो दलित मुसहर बस्ती अझै शौचालयविहीन छ।

दलित समुदायको बाक्लै बसोबास रहेको उक्त बस्तीमा एउटा पनि शौचालय नहुँदा उनीहरू बस्ती नजिकैको खोलाको खोल्साखोल्सी, बाँसघारी र खेतबारीमा शौचका जाने गर्दछन्। करिब एक सय २५ घरधुरीमा करिब तीन सयको जनसङ्ख्या बसोबास रहेको उक्त बस्तीका स्थानीयवासीहरू दिसा पिसाबका लागि बिहानैदेखि नजिकैको बाँसघारी र खेतबारीमा जाने गरेको स्थानीय मधु सदाले बताउनुभयो।

"सिङ्गो बस्तीभरि कसैको घरमा शौचालय छैन, त्यसैले बस्तीका महिला र पुरुष सबै नजिकैको बाँसघारी, खोल्साखोल्सी र खेतबारीमा दिसा गर्न पुग्ने गर्छन्", उहाँले भन्नुभयो, "यसका कारण एकातिर बस्तीमा दुर्गन्ध फैलिने गर्छ।"

डाक्नेश्वरी नगरपालिकाले सबै वडाका घरघरमा शौचालय बनिसकेको जनाउँदै २०७६ सालमै सो वडालाई खुला दिसामुक्त घोषणा गरिएको थियो। सिङ्गो दलित बस्तीमा अझै शौचालय बन्न सकेको छैन। उक्त बस्ती नजिकै रहेको चौधरी, साहलगायत जातिको बस्तीमा शौचालय भए पनि छेउमै रहेको मुसहर समुदायको बाक्लो बसोबास रहेको दलित बस्ती भन्ने शौचालयविहीन रहेको सदाको भनाइ छ।

शौचालय बनाउनु आवश्यक रहे पनि आफ्नो जग्गा नहुँदा शौचालय बनाउन नसकिएको स्थानीयले जनाएका छन्। "शौचालय त चाहिन्छ, बनाउने इच्छा पनि छ", स्थानीय रामदेव सदाले भन्नुभयो, "तर शौचालय बनाउने जग्गा छैन, मुस्किलले एक वटा घर बनाएर परिवारसहित बसिरहेका छौं।" अन्य कारणभन्दा पनि जग्गाकै अभावमा शौचालय बनाउन नसकिएको उहाँको कथन छ। सो बस्तीमा अधिकांश स्थानीय साहु महाजनकमा हरवाचरवाको रुपमा काम गर्दै आएका छन्।

ऐलानी जग्गामा घर बनाएर बस्दै आएका दलित मुसहर समुदायलाई जग्गासँगै आर्थिक विपन्नताले पनि शौचालय बनाउन समस्या भएको छ। आर्थिक विपन्नता, जग्गाको अभावलगायतका कारणले आफू अझै शौचालय बनाउन नसकिएको अर्का स्थानीय राधादेवी सदाले सुनाउनुभयो। "मजदूरी गरेर कमाएको पैसाले बिहान बेलुकाको गुजारा चलाउनै धौधौ हुन्छ", राधादेवीले भन्नुभयो, "शौचालय बनाउन कम्ती पनि रु १५/२० हजारसम्म पर्छ, तर त्यति पैसा नै छैन् कहाँबाट बनाउनु ?।" चाहेर पनि पैसाको समस्या चर्पी बनाउन नसकिएको उहाँको दुखेसो छ।

गत २०७५ सालमा ऋण लिएर भए पनि फुसको छाप्रो हालेर स्थानीयले बनाएको फुसको छाप्रो शौचालय वर्षा र बाढीले क्षतिग्रस्त भए यता शौचालय बनाउन नसकिएको बताएका छन्। दलित समुदायमा शौचालयको ठूलो समस्या रहेकाले शौचालय बनाउन प्रेरित गर्दै आएको सो बस्तीमा हरवाचरवा सशक्तीकरणको कार्यक्रम सञ्चालन गर्दै आएको श्रीपुर्राज सामुदायिक विकास केन्द्रका सहजकर्तासमेत रहनुभएका स्थानीय नरेश सदाको भनाइ छ।

"शौचालय बनाउनुस्‌भन्दा उहाँहरू जग्गा छैन, पैसा छैन भन्नुहुन्छ", उहाँले भन्नुभयो, "हामीले शौचालयका लागि संस्थाको तर्फबाट र अन्य निकायबाट पनि सहयोग जुटाइ दिन पहल गरिरहेका छौं, तर मुख्यतः जग्गाको अभाव छ।" कतिपयले शौचालय बनाउने जग्गा नभएर नबनाएका हुन भने कतिपयले सरकारले नै शौचालय बनाइन्छ कि भन्ने सोच राखेकाले नबनाएको डाक्नेश्वरी-५ का वडाध्यक्ष रमेशकुमार चौधरीले बताउनुभयो।

"दलित बस्तीमा जग्गा अभाव त छ, तर जग्गा भएकाले पनि सरकारले शौचालय बनाइदिन्छ, शौचालय बनाउन खर्च किन गर्ने ? भन्ने सोचले त्यस बस्तीमा शौचालय बन्न नसकेको हो", उहाँले भन्नुभयो।

# चोरी तथा कुटपिट रहजनी चोरी मुद्दाका दुई फरार अभियुक्त पक्राउ

**दैनिक समाचारदाता राजविराज, २० भदौ।**

सप्तरी प्रहरीले चोरी तथा कुटपिट रहजनी चोरी मुद्दाका दुई फरार अभियुक्तहरुलाई पक्राउ गरेको छ।

सप्तरीको छिन्नमस्ता ३ निवासी पुनित कुमार खंगको जाहेरीले चोरी मुद्दामा फरार रहेका स्थानिय २३ वर्षिय नन्दी कुमार साहलाई पक्राउ गरेको हो।

मोबाईल र साईकल चोरी गरि लगेको चोरी मुद्दामा सप्तरी जिल्ला अदालतको २०७७ पुस १९ गते साहलाई २ महिना १० दिन कैद र १० हजार जरिवानाको फैसला भएको थियो।

सो फैसला भएलगत्तै फरार रहेका साहलाई खोजतलासका क्रममा प्रहरीले सोमबार पक्राउ गरेर अदालतमा उपस्थित गराई २ महिना कैद भुक्तान गरी सकेकाले १० हजार तिर्न बाँकी रहेकोमा सो रकम तिर्न नसक्दा साहलाई पुर्पक्षको लागी कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।




**पक्राउ परेका फरार अभियुक्त पप्पुकुमार राम**



**पक्राउ परेका फरार अभियुक्त नन्दीकुमार साह**

यस्तै प्रहरीले कुटपिट अंगभंग र रहजनी चोरी मुद्दाका फरार अभियुक्त साबिक बरहीबिरपुर गाबिस ५ हाल बिष्णुपुर गाउँपालिका ६ बस्ने २२ वर्षिय पप्पु कुमार रामलाई समेत पक्राउ गरेको छ।

जिल्लाको साविकको बिषहरीया गाबिस ३ निवासी अशोक कुमार यादवले २०७२ असोज १० गते दिएको जाहेरीले रामले उनलाई कुटपिट गरि घाइते बनाई साथमा रहेको मोबाईल, सुनको औंठी र साईकल थानसमेत चोरी गरेका थिए।

रामलाई कुटपिट अंगभंग र रहजनी चोरी मुद्दामा सप्तरी जिल्ला अदालतले २०७५ माघ १७ गते २ बर्ष कैद र एक लाख एक सय जरिवानाको फैसला गरेको थियो। उनी पनि सोही मितिदेखी फरार रहेकोमा सोमबारै पक्राउ परेकाले अदालतमा उपस्थित गराई कैद भुक्तानको लागी कारागार चलान गरेको प्रहरीले जनाएको छ।


बाढीपहिरोबाट जोगिऔं

➢जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउँछ।
➢वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं।
➢पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भू क्षय रोक्ने खालका बिरुवा रोपौं र संरक्षण गरौं।
➢आफ्नो बस्ती तथा समुदायको रक्षा गरौं।
➢बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं।

आफू पनि बचौं अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money



प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर,
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np